प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

मितिः २०७३/१०/१७

विषयः- काज फिर्ता सम्वन्धमा ।

प्रिय सहकारीज्यू

यस मन्त्रालयबाट विभिन्न मितिमा काज फिर्ता तथा तहाँ मन्त्रालय/निकायबाट अन्यत्र सरुवा भएका कर्मचारीहरुलाई रमाना दिने सम्वन्धमा गरिएका परिपत्रहरु प्राप्त भई व्यहोरा अवगत भएकै छ । अझै पनि केही निकायहरुले काजको अवधि समाप्त भएपछि पनि काज फिर्ता तथा अन्यत्र सरुवा भएका कर्मचारीहरुलाई रमाना नदिएको भन्ने जानकारी हुन आएकोले तत्काल कार्यान्वयनका लागि यो पत्र पठाएको छु ।

निजामती सेवा ऐन, २०४९ को दफा १८क (१), (२), (२क), (२ख) र (२घ) विपरीत कुनै निजामती कर्मचारीलाई काजमा खटाएमा निजामती सेवा ऐन, २०४९ को दफा १८क ३ बमोजिम काजमा खटिएको निजामती कर्मचारीले सो अवधिमा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा वापतको रकम काज खटाउने पदाधिकारीवाट सरकारी बाँकी सरह असुलउपर गरी विभागीय कारवाही गरिने प्रावधान आकर्षित हुने भएकोले निजामती सेवा ऐन, २०४९ को प्रावधान विपरित कर्मचारीहरु काजमा राखी हालसम्म पनि फिर्ता नभएको भए अविलम्व दरवन्दी रहेको निकायमा काज फिर्ता गरी यस मन्त्रालयलाई समेत जानकारी उपलब्ध गराउनु हुन अनुरोध गर्दछु ।

७३।१०।१७

(पूर्ण चन्द्र भट्टराई)
सचिव

श्री सचिवज्यू,
सबै मन्त्रालय/सचिवालय/आयोग ।

<u>बोधार्थ/सहयोगार्थः</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ।
श्री महालेखा परीक्षकको विभाग, बबरमहल, काठमाडौं ।
श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाडौं ।